श्री

# पुनर्वास नगरपालिका कार्यालय

कञ्चनपुर

स्थापित-२०७१

प.सं.२०७२/७३

च.नं. ३३२

मितिः२०७२।५।४

## विषयः-कार्यादेश दिएको बारे।

श्री कोडेक्स एडभर्टाईजिङ्ग,
अनामनगर,काठमाण्डौ ।

उपरोक्त विषय सम्बन्धमा, यस नगरपालिका कार्यालय र तंपाई बिच २०७२।४।२[illegible] गते भएको यस नगरपालिका क्षेत्र भित्र विज्ञापन कर उठाउन भएको सम्झौता अनुसार सो बापतको यस आ.व.को ठेक अंक रु.३००००।००(अक्षेरुपी रु.तीस हजार मात्र) कार्यालयको खातामा जम्मा गरि सक्नु भएकोले सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही उक्त कर उठाउन यो कार्यादेश दिईएकोछ ।

(बसन्त कुमार कनौजिया)

कार्यकारी अधिकृत

पुनर्वास नगरपालिका कार्यालय कंचनपुर र कोडेक्स एडभरटाइजिंग काठमाडौं बीच भएको

## विज्ञापन कर सम्बन्धिसम्झौता-पत्र

पुनर्वास नगरपालिका कार्यालय कंचनपुर (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ) तथा कोडेक्स एडभरटाईजिङ्ग काठमाण्डौं (जस लाई यस पछि दोस्रो पक्ष भनिनेछ) वीच पुनर्वास नगरपालिका क्षेत्र भित्र होडिङ्गबोर्ड तथा प्रचार-प्रसार सामाग्री व्यवस्थापनको लागि तपशिलको शर्तहरुको अधिनमा रही दिन लिन मन्जुर रही यो सम्झौता पत्र हस्ताक्षर गरि दियौं लियौं ।

तपशिलः

१. प्रथम पक्षले दोश्रो पक्षलाई नगरपालिकाको क्षेत्र भित्र होडिङ्गबोर्ड तथा प्रचार/प्रसार सामाग्री व्यवस्थापन गर्न 2......... (अक्षरमा दुई..........) वर्षको लागि दिने छ ।

२. दोश्रो पक्षले प्रथम पक्षलाई होडिङ्गवोर्ड तथा प्रचार/प्रसार सामाग्री व्यवस्थापन गर्न दिए वापत आ.व. 062/063 देखि आ.व. 063/64.................................. सम्मको लागि वार्षिक रकम रु 30,000/-.........................।- (अक्षरमा रू. तीस हजार.............. मात्र) रहनेछ र सम्झोता भएको मिति बाट १५(पन्ध्र)दिन भित्र पहिलो किस्ता वाफत पहिलो आ.व. को रकम प्रथम पक्षको कार्यालयमा वा कार्यालयको रा.वा. बैंक.महेन्द्रनगर. शाखाको खाता नं. ४१८०३०४०१२००२ मा जम्मा गर्नु पर्नेछ । साथै दोस्रो आ.व.देखि अघिल्लो आ.व.को सम्झौता रकममा १० प्रतिशतले वृध्दि हुनेछ र सो आ.व. को किस्ताको रकम सोही आ.व.को श्रावण महिना भित्र कार्यालमा जम्मा गर्नु पर्नेछ।

३. प्रथम पक्षले तोकि दिएको दररेटमा नवढाई विज्ञापन कर उठाउनु पर्नेछ । आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा सरोकारवालाको राय सुझाव अनुसार परिवर्तन गरि सोहि अनुसार लागु गर्न सकिने छ.

४. विज्ञापन सामाग्रीको करका दर निम्नानुसार कायम गरिएको छ ।

विज्ञापन सामग्रीको वार्षिक दस्तुर प्रति स्क्वायर फिटमा

| | | |
|---|---|---|
| १ | ब्यावशायिक दृष्टिकोणले प्रचार गर्न राखिएको विज्ञापन सामग्री प्रति स्क्वायर फिट | रु. १००/- |
| २ | संघ संस्था पसलको पोषटर प्रति स्क्वायर फिट | रु. २००/- |
| ३ | ठूला पसलको विज्ञापन प्रति स्क्वायर फिट | रु. १००/- |
| ४ | काठ टिनमा प्रति स्क्वायर फिट | रु. ३०/- |
| ५ | साना पसलको विज्ञापन प्रति स्क्वायर फिट | रु.५०/- |

नोटः माथि को तालिका को बुंदा १ र २ मा माथि उल्लेख गरिएको स्थितिमा भन्दा बाहेक विज्ञापन सामग्री भन्नाले व्यवसायिक क्षेत्रमा व्यवसायिक प्रयोजनले पसल / भवन भित्र वा बाहिर राखेको होर्डिंग, वाल बोर्ड, पोस्टर, पम्प्लेट, डैंगलर , झन्डा, सटर पेन्टिंग, भित्ते लेखन, डि.पी.एस., ग्लो साइन एवम् प्रकारका सबै सामाग्रीहरु जनाउने छ र सोहि अनुसार कर लाग्ने छ। अन्य बुँदाहरुको हकमा स्थानिय तवरमा मात्र विज्ञापन गर्ने स्थानिय व्यक्ति / कम्पनिहरुले लगाएको विज्ञापन हरुकोलागी मात्र लागु हुने छ (आफ्नै मात्र नाम/विज्ञापन गरेको हकमा, अन्यथा बुंदा १ र २ बमोजिम नै लागु हुने छ)।

५. दोश्रो पक्षले सार्वजनिक स्थानमा नेपाल सरकाले प्रतिवन्धित गरेको वस्तुको विज्ञापन गर्न पाउने छैन ।

६. विज्ञापनको विकासका लागि करार सम्झौता बमोजिम विज्ञापनकर संचालन तथा व्यवस्थापन गर्नका लागि दोश्रो पक्षले नेपाल सरकार वा कुनै निकाए सँग थप स्वीकृती, सिफारिस, ईजाजत लिनु पर्ने भएमा त्यस्तो स्वीकृती सिफारिस वा ईजाजत प्राप्त गर्नका लागि आवश्यक पत्राचार प्रथम पक्षले गरिदिनु पर्ने छ ।

७. नगरपालिका क्षेत्र भित्र गरिएका सम्पूर्ण किसिमका विज्ञापन सामाग्रीहरुको कर दोश्रो पक्षले असुल गर्नेछ । कुनै पनि किसिमका विज्ञापनहरु (पोस्टर, सटर-पेन्टिङ्ग, डि.पि.यस., होडिङ्गवोर्ड, भित्ते लेखन, व्यानर, आदि समेत) राख्नका लागि विज्ञापन

कोडेक्स एडभटाइजिङ्ग

कार्यकारी अधिकृत

कर्ता दाताहरुले दोश्रो पक्ष सँग पूर्व अनुमति लिनु पर्नेछ । सम्झौता अनुसार अनुमति नलिई राखिएका सामाग्रीहरु हटाई/मेटाई सो सामाग्रीहरु हटाउन/मेटाउन लाग्ने रकम समेत सबन्धित कम्पनि सँग अशुल उपर गर्न दोश्रो पक्षले सक्नेछ ।

८. आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा सम्झौताको म्याद थप गर्न सकिनेछ। तर म्याद थप गर्ने नगर्ने अधिकार नगरपालिकामा निहित रहने छ ।

९. यसमा उल्लेख भएका कुरा यसै वमोजिम हुनेछ, यसमा उल्लेख नभएका अन्य कुरा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| ......................................... | ......................................... |
| सुबोधचन्द्र शाह | वसन्त कुमार |
| व्यापार विकास अधिकृत | कार्यकारी अधिकृत |
| कोडेक्स एडभरटाइजिंग काठमाडौं | पुनर्वास नगरपालिका कार्यालय कंचनपुर |
| मितिः २०७२/...../...... | मितिः २०७२/...../..... |